सियारी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : १०　　　　　　संख्या : ३　　　　　मिति : २०८३/०५/१२

भाग २

सियारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश,नेपालको

## सूचना

सियारी गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको " **सियारी गाउँपालिका, हर्नैया रुपन्देहीको 'बालुवा प्रशोधन (धुने कार्य मात्र) सम्बन्धी मापदण्ड तथा संचालन कार्यविधि** २०८३ स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।

सियारी गाउँपालिका, हर्नैया रुपन्देहीको 'बालुवा प्रशोधन (धुने कार्य मात्र) सम्बन्धी मापदण्ड तथा संचालन कार्यविधि २०८३

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०५/०८

आज्ञाले
लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

# बालुवा प्रशोधन (धुनै कार्य मात्र) सम्बन्धी मापदण्ड तथा सञ्चालन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मिति : २०८३।०५।०८

**प्रस्तावनाः**

सियारी गाउँपालिका क्षेत्रभित्र प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणीय सन्तुलन कायम, नदीजन्य तथा खानीजन्य पदार्थको गुणस्तर अभिवृद्धि र स्थानीय स्तरमा रोजगार श्रृजना गर्नका लागि बालुवा प्रशोधन (धुने कार्य मात्र) गर्ने उद्योग/फर्मलाई व्यवस्थित, पारदर्शी र वातावरणमैत्री बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ एवं वातावरण संरक्षण ऐनं अनुसार यो कार्यविधि बनाइएको छ ।

**प्रारम्भिकः**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "सियारी गाउँपालिका बालुवा प्रशोधन (धुने काम मात्र) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले सियारी गाउँपालिका सम्झनु पर्छ ।

ख. "बालुवा प्रशोधन (धुने कार्य)" भन्नाले क्रसिङ नगरी कच्चा मिस्कटबाट माटो, धूलो र अन्य अनावश्यक पदार्थ पखालेर निर्माणयोग्य सफा बालुवा तयार गर्ने कार्य सम्झनु पर्छ ।

ग. "अनुमतिपत्र" भन्नाले यो कार्यविधि बमोजिम बालुवा धुने उद्योग सञ्चालनका लागि गाउँपालिकाले प्रदान गरेको स्वीकृति वा इजाजतपत्र सम्झनु पर्छ ।

घ. "उपाध्यक्ष" भन्नाले सियारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सियारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

च. "प्राविधिक प्रतिवेदन" उद्योगको अनुमती दिनु भन्दा अगाडि गाउँपालिकाको पूर्वाधार विकास शाखा तथा योजना शाखाबाट तयार गरिएको प्रतिवेदनलाई सम्झनु पर्छ ।

**३. उद्योग दर्ता तथा अनुमति प्रक्रियाः**

गाउँपालिकाभित्र बालुवा धुने उद्योग/प्रशोधन केन्द्र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनिवार्य रूपमा गाउँपालिकामा दर्ता गरी अनुमति लिनुपर्नेछ। अनुमती लिन देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरूः**

क. रितपूर्वकको निवेदन

ख. उद्योग/फर्म दर्ता प्रमाणपत्र र पान (PAN/VAT) दर्ता प्रमाणपत्र ।

ग. संचालनकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

घ. प्रशोधन केन्द्र रहने स्थानको नक्शाङ्कन सहितको विवरण



...श्वर घिमिरे
गाउँपालिका अध्यक्ष

ङ. साझेदारीमा प्रशोधन केन्द्र स्थापना गरेको भए साझेदारहरुको सम्झौता पत्र

च. प्रशोधन केन्द्र रहने स्थानको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि कम्तिमा ६०००.वर्ग मिटरको जग्गा

छ. जग्गाको स्वामित्वको प्रमाण वा कम्तीमा ५ (पाँच) वर्षको भाडा सम्झौता ।

ज. सधीयारहरुको मन्जुरीनामा सहितको सर्जमिन मुचुल्का

झ. सम्बन्धित वडा कार्यालयबाट कुनै पनि वातावरणीय असर नपर्ने बेहोराको सिफारिस ।

ञ. प्रशोधन केन्द्रमा रहने मेशिनरी उपकरणहरुको विवरण

ट. प्रशोधन केन्द्रमा रहने जनशक्तीको विवरण

ठ. कार्यविधिमा उल्लिखत शर्तहरुको पूर्ण पालना गर्ने स्वघोषण पत्र

ड. अनुसूची १ बमोजिमको प्राविधिक प्रतिवेदन ।

**४. स्थान सम्बन्धी मापदण्ड (Distance Standards)**

बालुवा प्रशोधन/धुने उद्योग स्थापना गर्दा देहाय बमोजिमको दूरी कायम गर्नुपर्नेछ ।

| संरचना / क्षेत्र | कायम गर्नुपर्ने न्यूनतम दूरी |
|---|---|
| नदी/खोला किनार (High Flood Level) | कम्तीमा ५०० मिटर |
| खोला किनार (Low Flood Level) | कम्तीमा ५० मिटर |
| पक्की राजमार्ग / मुख्य सडक | कम्तीमा २०० मिटर |
| मानव बस्ती / विद्यालय / स्वास्थ्य संस्था | कम्तीमा २०० मिटर |
| उच्च प्रविधियुक्त बिजुली पोल / पोल लाइन | कम्तीमा ५० मिटर |
| गाउँ, बस्ती, मन्दिर, विद्यालय देखि | कम्तीमा ५०० मिटर |

**५. प्राविधिक तथा वातावरणीय मापदण्डः**

**क्रसर प्रयोगमा पूर्ण प्रतिबन्धः** यो कार्यविधि केवल बालुवा धुने कार्यका लागि मात्र हो । उद्योग परिसरमा ढुङ्गा, गिट्टी कुट्ने वा पेल्ने क्रसर मेसिन राख्न र प्रयोग गर्न पूर्ण रूपमा पाइने छैन । कानून विपरित यस्तो कार्य गरे गराएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरि प्रशोधन अनुमती रद्ध गरिनेछ यसरी रद्द गरिएको उद्योगमा संलग्न संचालकहरुलाई गाउँपालिकामा अन्य कुनै उद्योग संचालनको अनुमती उपलब्ध गराईनेछैन ।

**६. पालना गर्नुपर्ने शर्तहरु**

क. धुने क्रममा निस्किएको धमिलो पानीलाई सिधै सार्वजनिक खोला, नाला वा कृषि नहरमा छोड्न पाइने छैन ।



...बहादुर घिमिरे
...पालिका अध्यक्ष

ख. धुने पानीका लागि कम्तीमा २ देखि ३ वटा लेदो थिग्राउने पोखरी (*Sedimentation/Settling Ponds*) बनाई पानी पुनः प्रयोग (*Recycle*) गर्नुपर्नेछ ।

ग. प्रशोधन केन्द्र स्थापना गर्दा साइड ड्रेन, फोहर पानी प्रशोधनको व्यवस्था र वायु प्रदुषण हुन नदिन आवश्यक व्यवस्था मिलाउनु पर्नेछ,

घ. प्रशोधन केन्द्रले आफूलाई चाहिने कच्चा पदार्थ सिधै नदि वा वनक्षेत्रबाट उत्खनन गरि प्रशोधन गराउन पाईनेछैन ।

ङ. प्रशोधन गरिने कच्चा पदार्थ खरिद गरिएको बिल विजकको विवरण संलग्न गरि राख्नु पर्नेछ

च. दैनिक प्रशोधन गरिएको पदार्थ र ढुवानी गरेको साधनहरुको विवरण छुट्टै रजिष्ट्ररमा नियमित राख्नुपर्नेछ,

७. **कच्चा पदार्थको स्रोतः** उद्योगले प्रयोग गर्ने कच्चा बालुवा वैधानिक रूपमा ठेक्का वा अनुमति पाएका स्रोतबाट मात्र ल्याएको हुनुपर्नेछ (अवैध उत्खनन गरिएको बालुवा प्रयोग गर्न पाइने छैन) । अनुगमनको क्रममा अवैध उत्खनन गरिएको बालुवा प्रशोधन गरेको पाईएमा तत्काल उद्योग बन्द गराईनेछ ।

८. **धूलो तथा ध्वनि नियन्त्रणः** बालुवा ओसारपसार गर्दा अनिवार्य रूपमा त्रिपालले ढाकेर मात्र ढुवानी गर्नुपर्नेछ ।

९. **शुल्क, कर तथा राजस्वः**

**दर्ता तथा नवीकरण शुल्कः** गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दर्ता तथा वार्षिक नवीकरण शुल्क बुझाउनुपर्नेछ ।

**स्रोतमै करः** नियमानुसार बुझाउनुपर्ने कन्टिन्जेन्सी, स्थानीय कर तथा सेवा शुल्क गाउँपालिकाको राजस्व खातामा दाखिल गर्नुपर्नेछ ।

धुने क्रममा पोखरीमा थिग्रिएको माटो तथा भस्कटलाई गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन गरी तोकेबमोजिम विक्री वितरण गर्न सकिनेछ ।

१०. अनुगमन तथा नियमन

उद्योग संचालन तथा उद्योगले के कसरी प्रशोधन गरेको छ भन्ने विषयमा अनुगमन तथा निरीक्षण गर्न गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

संयोजक — गाउँपालिका उपाध्यक्ष
सदस्य — पूर्वाधार विकास समितिका संयोजक
सदस्य — प्रमुख प्रशासकीय अधिकृत
सदस्य — सम्बन्धित वडाको वडा अध्यक्ष
सदस्य — प्रशासन शाखा प्रमुख
सदस्य — पूर्वाधार विकास शाखा प्रमुख
सदस्य सचिव — योजना शाखा प्रमुख

समितिले समय-समयमा उद्योगको आकस्मिक अनुगमन गर्नेछ ।



गाउँपालिका अध्यक्ष

११. दण्ड, जरिवाना तथा अनुमति रद्द

क. तोकिएको मापदण्ड विपरीत क्रसर मेसिन जडान गरेमा वा सञ्चालन गरेमा तत्काल रु. १,००,०००/- (एक लाख) सम्म जरिवाना गरी उद्योग बन्द गराइनेछ ।

ख. धमिलो पानी सोझै खोला वा खेतीयोग्य जग्गामा छाडी वातावरण प्रदूषण गरेमा पहिलोपटक रु. २५,०००/- (पच्चिस हजार) र दोहोरिएमा अनुमतिपत्र रद्द गरिनेछ ।

ग. अवैध रूपमा उत्खनन गरिएको बालुवा प्रशोधन गरेको पाइएमा रु १,००,०००/- (एक लाख) जरिवाना गरी प्रचलित कानुन अनुसार कारबाही र जफत गरिनेछ ।

# अनुसूची १

(दफा ३ संग सम्बन्धित)

## बालुवा प्रशोधन केन्द्र स्थापनाको लागि तयार गरिएको प्राविधिक प्रतिवेदन

प्रशोधन केन्द्रको नाम :

कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. : दर्ता मिति :

प्रबन्ध पत्र भए नभएको :

संचालकको नाम थर :

ठेगाना :

संचालकको नागरिकता नं. जारी जिल्ला : जारी मिति :

सम्पर्क नम्बर :

जग्गा सम्बन्धी विवरण :

कित्ता नं. क्षेत्रफल :

प्रशोधन केन्द्र संचालनको लागि जग्गा भाडा सम्झौता रहे नरहेको :

सधीयारहरुको सर्जमिन मुचुल्का रहे नरहेको :

प्रशोधन केन्द्र रहने स्थान (वडा नं. र टोल समेत) :

प्रशोधन केन्द्रको GPS Location :

<u>प्रशोधन केन्द्र नजिकको</u>

नदी/खोला किनार (High Flood Level) को दुरी :

खोला किनार (Low Flood Level) को दुरी :

पक्की राजमार्ग / मुख्य सडक नाम र दुरी :

मानव बस्ती / विद्यालय / स्वास्थ्य संस्था दुरी :

उच्च प्रविधियुक्त बिजुली पोल / पोल लाइन रहे नरहेको र दुरी :

प्रशोधन केन्द्रमा रहने मेशिनरी उपकरणहरुको विवरण :

| तयार गर्ने | पेश गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| सब इन्जिनियर | योजना शाखा प्रमुख | पूर्वाधार शाखा प्रमुख |

धुर्लेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष